नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

**नेपाल सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाडौंको सूचना ।**

**जिल्ला रुकुम पूर्व स्थायी ठेगाना भएका सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाईते भई अपाङ्गता भएका व्यक्तिहरुलाई घाइते अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

"सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधन सहित) कार्यविधि, २०७४" अनुसार नेपाल सरकारबाट विभिन्न मितिमा गठन भएको "द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल" (कार्यदल) को प्रतिवेदनमा नाम समावेश भएका तर हालसम्म घाइते अपाङ्गता प्रतिशत निर्धारण नभएकाहरु र आफ्नो घाइते अपाङ्गता प्रतिशत हेरफेर भएको भए पुनरावलोकनको लागि साथै कार्यदलको प्रतिवेदनमा नाम समावेश भई साविकमा जीवन निर्वाह भत्ता लिईरहेका सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जन आन्दोलनको क्रममा घाईते अपाङ्गता भएका व्यक्तिहरु समेतले जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्वमा २०७६ असोज २५ गते भित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।उक्त अवधिसम्म निवेदन पेश नगर्ने घाईते अपाङ्गता भएका व्यक्तिहरुको जीवन निर्वाह भत्ता रोक्का रहने व्यहोरा समेत सूचित गरिन्छ ।

जिल्ला प्रशासन कार्यालय,
रुकुम पूर्व